फोन नं.०९१-४०३०६४

घोडाघोडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश नेपाल

## आन्तरिक आय संकलन तर्फको दरभाउ पत्र आह्वान सम्बन्धी सूचना

### प्रथम पटक प्रकाशित मिति : २०८०।०२।३१ गते

यस घोडाघोडी नगरपालिकाको निर्णय अनुसार स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेका देहायका शिर्षकमा राजश्व असुली सम्बन्धी कार्य आ.व. २०८०।०८१ को लागि ठेक्का द्वारा गराउन यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरी ईच्छुक फर्म/कम्पनीहरुले दरभाउ पत्र खरिद गरी देहायको मिति र समय भित्र शिलवन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नहुन सूचित गरिनेछ । अन्य थप जानकारीको लागि यस कार्यालयको सूचना पाटी, यस कार्यालयको वेवसाईट **www.ghodaghodimun.gov.np** तथा कार्यालय समय भित्र घोडाघोडी नगरपालिका कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

ठेक्का विवरण :

| आय ठेक्का नं. | उठाउनु पर्ने राजश्व शिर्षक | न्यूनतम ठेक्का अंक (मु.अ. कर तथा अन्य कर बाहेक) रु. | दरभाउपत्र फारम दस्तुर | धरौटी | सूचनाको अवधि |
|---|---|---|---|---|---|
| **SQ/GMUN/01/2080/081** | कवाडी कर | ६,००,०००।- | रु १,०००।- | कवोल अंकको ५ प्रतिशत | १५ दिन |
| **SQ/GMUN/02/2080/081** | विज्ञापन कर | ३,५०,०००।- | रु १,०००।- | कवोल अंकको ५ प्रतिशत | १५ दिन |

ठेक्का सम्बन्धी शर्तहरु :

१. ठेक्का अवधि सम्झौता भएको मिति देखि २०८१ साल अषाढ मसान्त सम्म लागु हुनेछ र नगरपालिकाको निर्णय अनुसार अवधि थप गर्न समेत सकिनेछ ।

२. यो सूचनामा प्रकाशित गरिएका दरभाउपत्रहरु सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्मको कार्यालय समय भित्र घोडाघोडी नगरपालिकाको कार्यालय सुखडबाट खरिद गर्न सकिनेछ । खरिद भएका दरभाउपत्रहरु १६ औं दिन मध्यान्न १२ :०० वजेभित्र घोडाघोडी नगरपालिका कार्यालयमा दर्ता- गर्नु पर्नेछ । प्राप्त दरभाउपत्र सोही दिनको २:०० वजे घोडाघोडी नगरपालिकाको कार्यालयमा दरभाउपत्रदाताको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश: सो को भोलीपल्ट सोही समयमा दरभाउपत्र खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

३. दरभाउपत्रदाताले खामको बाहीर पट्टी ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । दरभाउपत्र खरिदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै दरभाउ फाराम खरिद गरी छुट्टाछुट्टै दर्ता गुर्न पर्नेछ ।

४. दरभाउपत्र खरिदकर्ताले दरभाउपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपि, मु.अ. कर दर्ताको प्रमाणपत्र, करचुक्ताको प्रमाणपत्र, फर्म दर्ता र नविकरणको प्रमाण आदीको प्रमाणित प्रतिलिपि साथ तोकिएको दस्तुर तिरी खरिद गर्नु पर्नेछ ।

५. ठेक्का लिन चाहने इच्छुक फर्मले कवोल अंकलाई आधारमानी धरौटी वापत कवोल अंकको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए १० प्रतिशत रकम धरौटी राखनु पर्नेछ । धरौटी वापत यस घो.न.पा. कार्यालय सुखड कैलालीको नाममा रहेको कृषि विकास बैंक सुखड शाखामा रहेको खाता न. ०८२२३००४१११५१०९९ मा नगदै जम्मा गरेको भौचरको सक्कल प्रति वा ४५ (पैतालीस) दिन म्याद भएको मान्यता प्राप्त बैंकको जमानत (विडवण्ड) को सक्कल प्रति पेश गरेको हुनु पर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईनेछैन ।

६. कवोल गरेको रकम एकमुष्ट अग्रीम रुपमा बुझाएमा ५ प्रतिशत सम्म रकम छुट दिन सकिनेछ तर नियमानुसार लाग्ने मु.अ. कर प्रयोजनका लागि भने छुट दिइनेछैन । दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको कृषि विकास बैंक सुखड शाखामा रहेको खाता न. ०८२२३००४१११५१११९६ मा दाखिला गरेको भौचर कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसिद पेश गर्नु पर्नेछ ।

७. दरभाउपत्र खरिद कर्ताले आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दर्ता भएका शिलवन्दी दरभाउपत्र फिर्ता तथा संशोधन हुने छैनन् । दरभाउपत्रको मान्य अवधि ४५ (पैतालीस) दिन हुनेछ ।

८. दरभाउपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा क्रमश: सो को भोलीपल्ट माथी उल्लेखित समयमा दाखिला गर्नु पर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्य पनि हुनेछ ।

दिपक कुमार आचार्य
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.०९१-४०३०६४

घोडाघोडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश नेपाल

९.रितपूर्वक दाखिला भएका दरभाउपत्र मध्य बढीवाला मध्य जुनसुकै दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संशोधन गर्ने लगायत आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको दरभाउपत्र स्वीकार्य हुनेछैन ।

१०. ठेकेदारले नेपाल सरकार तथा घोडाघोडी नगरपालिकाको कार्यालय, कैलालीले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ । साथै कार्यालय तथा ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

११. बुदा नं. ६ बमोजिम एकमुष्ट रकम बुझाएमा कुल कवोल अंक मध्ये पहिलो किस्तामा बुझाउनु पर्ने रकम बाहेक बाकी रकमको ठेक्का अवधिमा १ महिना थप भएको अवधि सम्मको घोडाघोडी नगरपालिकाले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकको जमानत (परफर्मेन्स वण्ड) पेश गरे पश्चात मात्र सम्झौता गरी चलान पुर्जी दिईनेछ । ठेक्का रकम नगरपालिकामा बुझाउदा सो को मु.अ. कर वापतको थप १३ प्रतिशत रकम पनि बुझाउनु पर्नेछ ।

१२. ठेक्का रकमको भुक्तानी देहायअनुसार गर्नु पर्नेछ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले १५ दिन भित्र | कवोल अंकको ३० प्रतिशतले हुन आउने रकम |
| दोस्रो | २०८० साल पौष मसान्त भित्र | कवोल अंकको ४० प्रतिशतले हुन आउने रकम |
| तेस्रो | २०८१ जेष्ठ मसान्त भित्र | कवोल अंकको ३० प्रतिशतले हुन आउने रकम |

१३. सम्झौतापत्रमा पट्टापूर्जीमा तोकिएका बस्तुहरुमा मात्र तोकिएको दरमा कर, शुल्क संकलन गर्नु पर्नेछ । सो भन्दा फरक हुने गरी कर तथा शुल्क संकलन गरेको पाईएमा नियमानुसार कारवाही हुनेछ ।

१४. प्रचलित नियमानुसार कालोसूचिमा परेका र नगरपालिका कार्यालयलाई बुझाउनु पर्ने बाकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

१५. घोडाघोडी नगरपालिकाले तोकेको कर , शुल्क संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु आन्तरीक राजश्व कार्यालय तथा यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नु पर्नेछ । कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ ।

१६. ठेकेदारले ठेक्का सम्झौता पछि यस नगरपालिकालाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहको लागि दावी गर्न पाईनेछैन ।

१७. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा घारो, तगारो राखी कर, शुल्क संकलन गर्न पाइनेछैन ।

१८. ठेकेदारले घोडाघोडी नगरपालिकाको राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ । तर विशेष परिस्थितीमा नगरपालिकाको नियमानुसार हुनेछ ।

१९. ठेकेदारले ३/३ महिनामा कर संकलनको लिखित जानकारी कार्यालयमा अनिवार्य रपमा पेश गर्नु पर्नेछ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नु पर्नेछ ।

२०. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्नअङ्गको रुपमा मानिनेछ ।

२१. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

०८०।७।३९

दिपक कुमार आचार्य
प्रमुख प्रशासकीय अधिकृत